नेपाल सरकार

हुलाक सेवा विभागद्वारा

# आ.व. २०८१/०८२ को तेस्रो त्रैमासिक समयावधि (२०८१ माघ १ गतेदेखि २०८१ चैत्र मसान्तसम्म) मा सम्पादित कार्यहरूको संक्षिप्त विवरण

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावली २०६५ को नियम (३) बमोजिमको विवरण देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

| | | |
|---|---|---|
| क. निकायको स्वरुप र प्रकृति | हुलाक सेवा विभाग केन्द्रीय स्तरको निकाय रहेको । यस अन्तर्गत हुलाक सेवालाई व्यवस्थापन गर्ने गोश्वारा हुलाक कार्यालय, हुलाक प्रशिक्षण केन्द्र गरी २ वटा निकायहरू रहेका, ६ वटा हुलाक निर्देशनालयहरू, ७० वटा जिल्ला हुलाक कार्यालयहरू, ६७६ वटा हुलाक कार्यालयहरू र २५८९ वटा अतिरिक्त हुलाक कार्यालयहरू रहेका छन। | |
| ख. निकायको काम कर्तव्य अधिकार | हुलाक सेवालाई संचालन व्यवस्थापन र समयसापेक्ष परिमार्जन गर्ने हुलाक सेवाको अध्ययन, नीतिगत सुझाव, कर्मचारी व्यवस्थापन, हुलाक सेवाको व्यवस्थापनको लागि आवश्यक निर्णय गर्ने, मातहतका कार्यालयहरूको निरिक्षण अनुगमन गर्ने, मातहतका कार्यालयहरूलाई निर्देशन गर्ने विभाग अन्तर्गत भएका कामहरूको प्रगतिको माथिल्लो निकायमा प्रतिबदेन गर्ने। | |
| ग. निकायमा रहेका कर्मचारी दरबन्दी विवरण | महानिर्देशक-१ | |
| | निर्देशक-२ | |
| | शाखा अधिकृत-७ | |
| | कला अधिकृत-१ | |
| | लेखा अधिकृत- १ | |
| | नायव सुव्वा- ६ | |
| | कम्प्युटर अपरेटर-४ | |
| | टा.ना.सु-१ | |
| | खरिदार-८ | |
| | सिनियर मिस्त्री- १ | |
| | हलुका सवारी चालक-३ (१ जना स्थायी, करार २ जना) | |
| | का.स.-११ (१ जना स्थाई, करार १० जना) | |
| घ. निकायवाट प्रदान गरिने सेवा | कर्मचारीको सरुवा, बढुवा लगायत व्यवस्थापन। | |
| | UPU, APPU लगायत अन्तराष्ट्रिय हुलाक सेवा सम्बन्धित संस्थाहरू सँग सहकार्य। | |
| | हुलाक सेवाको आवश्यकता र माग बमोजिम कार्यालय व्यवस्थापन, अध्ययन तथा डाँक रेखा पुनरावलोकन आदि। | |
| ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | **प्रशासन तथा योजना शाखाः** निर्देशक, ध्रुवराज आचार्य<br>**डाँक, टिकट तथा अन्तराष्ट्रिय सम्बन्ध शाखाः** निर्देशक, विशाल सापकोटा | |
| | **कर्मचारी प्रशासन शाखा** | शाखा अधिकृत, किशोर विश्वकर्मा |
| | **फिलाटेलिक तथा टिकट व्यवस्थापन शाखा** | शाखा अधिकृत, चन्द्रा थापा |
| | **फिलाटेलिक तथा टिकट व्यवस्थापन शाखा** | कला अधिकृत, पूर्ण कला लिम्बु |
| | **योजना तथा अनुगमन शाखा** | शाखा अधिकृत, ईश्वरी अर्याल |
| | **जिन्सी व्यवस्थापन शाखा** | शाखा अधिकृत, गोपाल निरौला |
| | **अन्तराष्ट्रिय डाँक लेखा तथा अनुसन्धान शाखा** | शाखा अधिकृत, यशोदा अर्याल |
| | **अन्तराष्ट्रिय सम्बन्ध शाखा** | शाखा अधिकृत, जित बहादुर परियार |
| | **आन्तरिक डाँक तथा अनुगमन शाखा** | शाखा अधिकृत, शालिकराम बस्याल |

| | | |
|---|---|---|
| | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत, गोपाल प्रसाद आचार्य |
| च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी | दस्तुरः निशुल्क<br>अवधिः तुरुन्त प्रकृया अघि बढाइने | |
| छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी | प्रक्रियाः सम्बन्धित शाखाको अधिकृतको पहलअनुसार प्रक्रिया आरम्भ भई महानिर्देशकज्यूबाट (आवश्यकतानुसार मन्त्रालयबाट) निर्णय हुने।<br>निर्णय गर्ने अधिकारीः महानिर्देशक श्री मनमायाँ भट्टराई पंगेनी | |
| ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी | महानिर्देशक | |
| झ. सम्पादन गरेको कामको विवरण | **1. प्रशासन तथा योजना शाखाबाट भएका कामहरुः**<br>1.1. पदस्थापन, काज तथा सरुवा, विदा सम्बन्धी, मनोनयन तथा सिफारिस लगायतका कर्मचारी प्रशासन सम्बन्धी कामहरू निरन्तर भईरहेको।<br>1.2. आवश्यकतानुसार विभिन्न जिल्लाहरूमा प्रशासनिक तथा आर्थिक अख्तियारी प्रदान गरिएको।<br>1.3. जिल्लाहरूमा कार्यरत कर्मचारीहरूको विवरण संकलन तथा अद्यावधिक गर्ने काम भएको।<br>1.4. तालुक तथा मातहतका निकायहरूमा पत्राचार तथा समन्वयका कार्यहरू गरिएको।<br>1.5. बजेट तर्जुमा सम्बन्धी सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग व्यापक छलफल गरिएको।<br>1.6. बजेट प्रविष्टि कार्यको लागि मातहतका निकायहरुसंग महानिर्देशकज्यूको उपस्थितीमा Zoom Meeting एवम आवश्यक सहजीकरण गरिएको।<br>1.7. विभाग तथा मातहतका कार्यालयहरुको बजेट LMBIS मा प्रविष्टि गरिएको साथै मातहताका कार्यालयहरुले LMBIS मा प्रविष्टी गरेको बजेटलाई पूनरावलोकन गरी मन्त्रालयमा forward गरिएको।<br>1.8. विभाग तथा मातहतका निकायहरुको प्रस्तावित बजेट सम्बन्धी. अर्थ मन्त्रालयमा वृहत छलफल समपन्न गरिएको<br>1.9. LMBIS र मध्यमकालिन खर्च संरचनामा प्रविष्टी सम्बन्धी सञ्चार तथा सूचना प्रबिधि मन्त्रालयबाट सञ्चालित प्रशिक्षण कार्यक्रममा सहभागी जनाइएको।<br>1.10. LMBIS मा बजेट प्रविष्टी लगायतका विषयमा छलफल गर्न विभाग र मातहतका निकाय सम्मिलित अनलाईन बैठक सञ्चालन गरिएको।<br>1.11. सञ्चार तथा सूचना प्रबिधि मन्त्रालयबाट सञ्चालित Nepal Financial Reporting System (NFRS) र Revenue Management Information System (RMIS) सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागी भएको।<br>1.12. कार्यालयका लागि आवश्यक मसलन्द तथा छपाई सम्बन्धी कार्यको सिलबन्दी कोटेशन आहवान गरि न्यून कवुल अंक स्वीकृत गरि सम्झौता गरिएको। | |

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग

1.13. हुलाक विभाग मातहत रहेका कार्यालयको लागि आवश्यक हुलाक टाँचा खरिद सम्बन्धी बोलपत्र मितिं २०८१/१२/०३ गते प्रकाशन गरिएको।

1.14. हुलाकमा रहेका पूराना कागजहरु धुल्याउने कार्य अगाडी बढाइएको।

1.15. नियमित प्रकृतिका प्रशासन सम्वद्ध विभागस्तरीय कार्यहरू सम्पन्न गरिएको।

1.16.. मातहतका केही कार्यालयहरूको निरीक्षण अनुगमन भएको।

**2. डाँक, टिकट तथा अन्तराष्ट्रिय सम्बन्ध शाखाबाट भएका कामहरू:**

2.1. UPU बाट प्राप्त हुने चार पाङ्ग्रे साधनको लागि अर्थ मन्त्रालयबाट कर छुट प्राप्त भएको।

2.2. APPU बाट प्राप्त हुने १५ वटा Electric Scotter का लागि अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त भएको।

2.3. ११ जना (महिला-२ र पुरुष-९) को ८ वटा विभिन्न कार्यक्रमको लागि वैदेशिक मनोनयन भएको।

2.4. ORE 3 को Country roadmap र Action plan update गरी UPU मा पत्राचार गरिएको।

2.5. अन्तराष्ट्रिय डाँक ढुवानी गर्नका लागि सम्झौता भएका एयरलाइन्सहरुलाई भुक्तानीका लागि सिफारिस नियमित रुपमा भइरहेको।

2.6. टर्मिनल ड्यूज सम्बन्धी कार्यहरु भएको।

2.7. मिति २०८१/११/०५ गते राष्ट्रिय प्रजातन्त्र दिवश, २०८१ लाई भव्यताका साथ सम्पन्न गर्न गठित प्रचारप्रसार उपसमितिको संयोजक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णयबमोजिम यस विभाग र नेपाल फिलाटेलिक सोसाइटीको समन्वयमा हुलाक टिकट प्रदर्शनी कार्यक्रम साथै, पञ्चमार्क मुद्रा र भित्रीकोट दरबार अंकित हुलाक टिकटको प्रथम दिवसीय आवरणमा टाँचा लगाउने कार्यक्रम सम्पन्न गरिएको।

2.8. २०८१/११/२१ गते झापा आन्दोलनका क्रममा सुखानी जङ्गलमा सहादत प्राप्त गर्नु भएका ५ सहिदहरु सहिद रामनाथ दाहाल, सहिद नेत्र घिमिरे, सहिद विरेन राजवंशी, सहिद कृष्ण कुईंकेल र सहिद नारायण प्रसाद श्रेष्ठको तस्विर अंकित हुलाक टिकटको प्रथम दिवसीय आवरणमा टाँचा प्रदान गर्ने कार्यक्रम गरिएको।

2.9. २०८१/११/२७ गते प्रसिद्ध राजनीतिज्ञ स्व. नारदमुनी थुलुङ र स्व. चिनियाँलाल सिंहको तस्विर अंकित हुलाक टिकटको प्रथम दिवसीय आवरणमा टाँचा प्रदान गर्ने कार्यक्रम गरिएको।

2.10. मिति २०८१/११/२७ र २८ गते हुलाक टिकट व्यवस्थापन प्रणाली (PTMS) र हुलाक सेवाका कर्मचारीहरुको अभिलेख व्यवस्थापन (PIMS) सम्बन्धी २ दिने तालिम सञ्चालन गरिएको।

2.11. मिति २०८१/१२/१८ गते रेडियो नेपालको हिरक महोत्सवको अवसरमा हुलाक टिकट प्रकाशन गरिएको।

<table>
<tr><td></td><td colspan="2">2.12. मिति २०८१/१२/२८ गते सिकारी सरदार वंशु (वंशु) गुरुङ र स्थानीय इन्डेमिक वनस्पतिहरुको तस्विर अंकित हुलाक टिकटको प्रथम दिवसीय आवरणमा टाँचा प्रदान गर्ने कार्यक्रम गरिएको।<br>2.13. २०८१ फागुन १८ गते चितवनमा डाँक ढुवानी सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको।<br>2.14. २०८१ चैत्र १५ र १७ गते झापा र जनकपुरमा क्रमशः EMS सेवा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको।<br>2.15. सन २०२५ मार्च सम्मको यती, बुद्ध र समिट एयरलाइन्सलाई आन्तरिक डाँक ढुवानी रकम भुक्तानी गरिएको।<br>2.16. Postal code निर्माण सम्पन्न गरी स्वीकृतीको लागि मन्त्रालयमा पेश गरिएको।<br>2.17. आन्तरिक डाँक सम्बन्धी जिल्लाहरुबाट सोधिएको समस्याको समाधान गरिएको<br>2.18. जिल्लाहरु तथा फिलाटेलिस्टबाट माग भएको टिकटहरु नियमित रुपमा आपूर्ति गरिएको।</td></tr>
<tr><td></td><td>प्रमुखको नाम र पद</td><td>महानिर्देशक श्री मनमायाँ भट्टराई पंगेनी</td></tr>
<tr><td></td><td>सूचना अधिकारी</td><td>निर्देशक, ध्रुवराज आचार्य</td></tr>
<tr><td>ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची</td><td colspan="2">हुलाक सेवा सँग सम्बन्धित ऐन, नियम. विनियम वा निर्देशिकाको सूची यसप्रकार छन्:<br>❖ हुलाक सम्बद्ध ऐनहरू<br>➢ हुलाक ऐन, २०१९<br>➢ आन्तरिक-हुलाक-वस्तु-बीमा गर्ने ऐन २०१९<br>❖ हुलाक सम्बद्ध नियमावलीहरू<br>➢ आन्तरिक हुलाक वस्तु बीमा गर्ने नियमहरू, २०१९<br>➢ हुलाक नियमावली, २०२०<br>➢ धनादेश नियमावली, २०३१<br>➢ हुलाक बचत बैंक नियमावली, २०३३<br>➢ अतिरिक्त हुलाक नियमावली, २०३४<br>➢ वैरङ्ग हुलाक नियमावली, २०३४<br>❖ हुलाक सम्बद्ध कार्यविधि/निर्देशिकाहरू<br>➢ हुलाक सेवा कार्यविधि निर्देशिका, २०६३<br>➢ हुलाक टिकट प्रकाशन निर्देशिका, २०७०<br>➢ हुलाक बचत बैक कार्यसञ्चालन (प्रथम संशोधन) निर्देशिका, २०७३</td></tr>
<tr><td rowspan="4">ठ. आम्दानी, खर्च तथा आर्थीक कारोबार सम्बन्धी अद्यावधिक विवरण</td><td colspan="2">आम्दानीः रु. १६,६८,७८,६४०.५९/-</td></tr>
<tr><td colspan="2">आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण</td></tr>
<tr><td>आ.व. २०८१/२०८२ को चैत्र मसान्तसम्मको विनियोजित बजेट तथा खर्चको विवरण</td><td>बेरुजु विवरण (हजारमा)</td></tr>
<tr><td>पुँजिगत बजेट रु. १०,००,०००/-<br>खर्च रु. ८,८७,८११/-<br>चालु बजेट रु. २९,६२,४४,०००/-<br>खर्च रु. १२,७७,२८,४३४.२८/-</td><td>कुल बेरुजु- २४,६६,६५/-<br>२०८१ चैत्र मसान्तसम्म<br>फछ्यौंट- ०/-<br>फछ्यौंट प्रतिशतः०%</td></tr>
</table>

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय हुलाक सेवा विभाग

| | | |
|---|---|---|
| | जम्मा (चालु तथा पुँजीगत) बजेट रु. २९,७२,४४,०००/-<br>जम्मा खर्च रु. १२,८६,१६,२४५.२८/- | (कैफियतः- ६९,३२६/- सम्परीक्षणको लागि पेश भएको तर सम्परीक्षण हुन नसकेको) |

ड. तोकिए बमोजिमका अन्य विवरण

१. आ.व. २०८१/८२ को विनियोजित बजेट तथा खर्चको विवरण

रु. हजारमा

| निकाय | वार्षिक विनियोजन | | २०८१ चैत्र मसान्तसम्मको खर्च | | २०८१ चैत्र मसान्तसम्मको प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | चालु | पुँजिगत | चालु | पुँजिगत | चालु | पुँजिगत |
| हुलाक सेवा विभाग | २९,६२,४४ | १००० | १२,७७,२८ | ८८७ | ४३.१०% | ८८.७८% |

ढ. विभागका वेबसाइटः https://www.nepalpost.gov.np

ण. हुलाक सेवा विभागमा रहेका शाखाहरुको आधिकारिक इमेलहरु

| क्र.सं. | शाखा | Email address |
|---|---|---|
| १ | कर्मचारी प्रशासन शाखा | admin@nepalpost.gov.com<br>nepalpost.hulak@gmail.com |
| २ | जिन्सी व्यवस्थापन शाखा | workshop@postalservice.gov.np |
| ३ | योजना तथा अनुगमन शाखा | planning@nepalpost.gov.np<br>psdyojana@gmail.com |
| ४ | फिलाटेलिक तथा टिकट व्यवस्थापन शाखा | ticketdesign@nepalpost.gov.np |
| ५ | अन्तराष्ट्रिय सम्बन्ध शाखा | info@nepalpost.gov.np<br>info@postalservice.gov.np |
| ६ | अन्तराष्ट्रिय डाँक लेखा तथा अनुसन्धान शाखा | intmailacc@nepalpost.gov.np<br>info@nepalpost.gov.np |
| ७ | आन्तरिक डाँक तथा अनुगमन शाखा | internalmail@nepalpost.gov.np<br>psdpostalsection@gmail.com |
| ८ | आर्थिक प्रशासन शाखा | account@nepalpost.gov.np<br>hulaksewabivag013@gmail.com |

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं